# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, जेठ १५ गते, २०८२ साल (संख्या ११

## भाग ३

### नेपाल सरकार

### स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

### सूचना

### स्वास्थ्य बीमा (पहिलो संशोधन) नियमावली, २०८२

स्वास्थ्य बीमा नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "स्वास्थ्य बीमा (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २ मा संशोधनः** स्वास्थ्य बीमा नियमावली, २०७५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "प्रथम सेवा बिन्दु" भन्नाले ऐनको दफा ९ को उपदफा (६) बमोजिमको सरकारी स्वास्थ्य संस्था सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (२) बमोजिम बीमितलाई पुनः परिचयपत्र जारी नगरेसम्म निजको परिचयपत्रको प्रतिलिपी, नागरिक एप वा स्वास्थ्य बीमा बोर्डको बीमा सूचना व्यवस्थापन प्रणालीबाट जारी हुने बीमित पहिचान भएको क्यु.आर.कोडलाई समेत सेवा प्रदायकले मान्यता दिनु पर्नेछ।"

४. **मूल नियमावलीको नियम ७ मा संशोधनः** मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः-

"**७. स्वास्थ्य सेवा लिनु पर्नेः** (१) बीमितले प्रथम सेवा बिन्दुबाट पहिलो स्वास्थ्य सेवा लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रथम सेवा बिन्दुबाट बीमितले आवश्यक स्वास्थ्य सेवा प्राप्त गर्न नसकेमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो प्रथम सेवा बिन्दुले प्रेषित गरेको स्वास्थ्य सेवा प्रदायकबाट सेवा लिनु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आकस्मिक अवस्थामा बीमितले जुनसुकै सेवा प्रदायकबाट सेवा लिन सक्नेछ।"

५. **मूल नियमावलीको नियम ८ मा संशोधनः** मूल नियमावलीको नियम ८ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) बीमितले बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत समेत उपनियम (१) बमोजिम परिचयपत्र नवीकरणको लागि निवेदन दिन सक्नेछ ।"

६. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को उपनियम (१) मा रहेका "प्रथम सेवा बिन्दु," भन्ने शब्दहरु झिकिएका छन् ।

७. **मूल नियमावलीको नियम १० मा संशोधनः** मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः-

"**१०. सेवा सुबिधा लागू हुने समयः** (१) बीमित जुन महिनामा बीमामा दर्ता भएको हो सो महिनालाई पहिलो महिना मानी सो पश्चात्को तेस्रो महिनाको एक गतेदेखि बीमितको बीमा सेवा सुविधा लागू हुनेछ।

(२) नियम ८ बमोजिम परिचयपत्र नवीकरण गरेको बीमितको सेवा सुविधा नवीकरण भएको मिति देखि लागू हुनेछ ।"

८. **मूल नियमावलीको अनुसूची-३ मा संशोधनः** मूल नियमावलीको अनुसूची-३ को सट्टा देहायको अनुसूची-३ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-३
(नियम ८ को उपनियम (१) र नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

नवीकरण/परिवर्तन फाराम

श्री...................

**विषयः नवीकरण/परिवर्तन सम्बन्धमा ।**

स्वास्थ्य बीमा बोर्डले सञ्चालन गरेको स्वास्थ्य बीमा कार्यक्रममा हाल कायम रहेको घरमूली/सदस्यता नवीकरण/रद्द/परिवर्तन गरी दिनुहुन अनुरोध गर्दछु ।

आम्दानी रसिद नं............

| (क) नवीकरण सम्बन्धमा | |
|---|---|
| घरमूलीको नाम......... | घरमूलीको बीमा नं............. |

| (ख) घरमूली परिवर्तन सम्बन्धमा | |
|---|---|
| नयाँ घरमूलीको नाम......... | नयाँ घरमूलीको बीमा नं............. |



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| (ग) सदस्य सङ्ख्या परिवर्तन सम्बन्धमा | |
|---|---|
| थप हुने बीमित सङ्ख्या......... | थप गर्नको लागि बीमालेख फाराम भर्नुहोस् । |
| बीमालेख रद्द हुने सङ्ख्या........ | तलको विवरण भर्नुहोस् । |

निवेदकको,
हस्ताक्षरः........
मितिः..............
ठेगानाः............ ”

**आज्ञाले,**
**हरिप्रसाद मैनाली**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।